उत्तरगया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

# उत्तरगया गाउँपालिकाका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:**

यस गाउँपालिकाका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारिहरुलाई फिल्डमा खटाउदा उपलब्ध गराउने सुविधालाई व्यवस्थित गर्न र आफ्नो काममा थप हौसला प्रदान गर्न प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता दिन वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम "**उत्तरगया गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२**" रहेको छ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले उत्तरगया गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले उत्तरगया गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "कार्यपालिका"भन्नाले उत्तरगया गाउँपालिका गाउँकार्यपालिका सम्झनु पर्दछ।

(घ) "योजना" भन्नाले उत्तरगया गाउँपालिकाभित्र सञ्चालित योजनाहरु सम्झनु पर्दछ।

(ङ) "कार्यविधि" भन्नाले उत्तरगया गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ।

(च) "प्राविधिक कर्मचारी" भन्नाले पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत स्थायी र करार सेवा अन्तर्गत कार्यरत ईन्जिनियर, सव-ईन्जिनियर, असिष्टेन्ट सव-ईन्जिनियर र खानेपानी सहायक टेक्निसियन सम्झनु पर्दछ।

(छ) "अधिकृतस्तर" भन्नाले राजपत्राङ्कित तृतीय श्रेणी/छैठौं, सातौं, आठौं तहका कर्मचारी तथा "सहायकस्तर" भन्नाले राजपत्र अनंकित/चौंथो र पाँचौं तहका कर्मचारी सम्झनु पर्दछ।

माधव प्रसाद अर्याल
अध्यक्ष

३. **फिल्ड भत्ता प्राप्त गर्ने आधारः** (१) यस कार्यविधि वमोजिमको भत्ता प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक रुपमा तोकिएको कार्यालयमा हाजिर भई काम गरेको हुनुपर्नेछ। आवश्यक पर्दा कार्यालयले जुनसुकै बखत लगाएको शाखागत काम निजले गरेको हुनुपर्नेछ।

(२) भत्ता प्रदान गर्ने प्रयोजनका लागि प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण सम्बन्धित प्राविधिक कर्मचारीले अनुसूची १ बमोजिमको मासिक फिल्ड भ्रमण फाँटबारी तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम काम गरेका कर्मचारीहरु र उपदफा (२) बमोजिम पेश गरेको विवरण स्वीकृत भए पश्चात कर्मचारीले आफ्नो पद/तह/स्तर अनुसार देहाय बमोजिम एकमुष्ट मासिक फिल्ड भत्ता प्राप्त गर्नेछन्।

| सि. नं. | पद/तह/स्तर | प्राप्त हुने फिल्ड भत्ता (मासिक रु.) |
|---|---|---|
| १ | ईन्जिनियर (अधिकृतस्तर) | १३,०००/- |
| २ | सव-ईन्जिनियर, खा.पा.स.टे. (सहायकस्तर पाँचौं) | १०,०००/- |
| ३ | असिष्टेन्ट सव-ईन्जिनियर, अमिन, खा.पा.स.टे. (सहायकस्तर चौंथो) | ८,०००/- |

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख भएता पनि हरेक आ.व.को श्रावण, भाद्र र आश्विन महिनाको फिल्ड भत्ता तोकिएको रकमको पचास प्रतिशत मात्र प्रदान हुनेछ।

४. **करकट्टीः** प्रदान गरिएको मासिक फिल्ड भत्ता बार्षिक आयमा गणना गरी नियमानुसारको करकट्टी गरिनेछ।

५. **भुक्तानी विधिः** २०८२ साल श्रावण महिना देखि दफा ३ बमोजिमका प्राविधिक कर्मचारीको तलबमा थप प्राविधिक फिल्ड भत्ता भौतिक पूर्वाधारका योजनाहरुबाट कन्टिन्जेन्सिको रकम प्राप्त भएपछि एकमुष्ठ रुपमा उपलब्ध गराइनेछ।

माधव प्रसाद अर्याल
अध्यक्ष

६. **फिल्ड भत्ता प्रदान नहुने:** दफा ३ मा जुनसुकै कुरा लेखेको भए तापनि यदि कुनै प्राविधिक कर्मचारी जानकारी बिना कार्यालयमा उपस्थित नभएमा उक्त महिनाको फिल्ड भत्ता प्रदान गरिने छैन।

७. **कार्यविधिको व्याख्या:** यो कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ।

८. **थपघट तथा हेरफेर:** आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

९. बचाउ: यो कार्यविधि जारी हुनु भन्दा अघि आ.व. २०८२/०८३ श्रावणदेखि भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

माधव प्रसाद अर्याल
अध्यक्ष